*"कृषि, पर्यटन, उद्योग, भौतिक पूर्वाधार : समावेशी र समृद्ध राजापुरको मूल आधार"*

# नगर उप-प्रमुख श्री मनकला कुमारी चौधरीज्यूद्वारा सातौं नगर सभामा प्रस्तुत गर्नु भएको नीति तथा कार्यक्रम

## आ.व. २०७८/०७९

## राजापुर नगरपालिका

लुम्बिनी प्रदेश

२०७८ असाढ ६ गते

**यस राजापुर नगरपालिकाको**

**गरीमामय सातौ नगर सभाका सभाध्यक्ष ज्यू,**
**उपस्थित सभाका सम्पूर्ण सदस्य ज्यूहरु,**

**'कृषी पर्यटन, उद्योग भौतिक पूर्वाधारः समावेशी र समृद्ध राजापुरको मुल आधार'** भन्ने मूल नाराका साथ संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल, लुम्बिनी प्रदेश, बर्दिया जिल्ला राजापुर नगरपालिकाको गरिमामय सातौ नगर सभामा यस नगरपालिकाको प्रथम नगर-उपप्रमुखको हैसियतले आ.व.२०७८/०७९ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा साह्रै नै गौरवान्वित महशुस गरिरहेको छु ।

कोरोना भाइरस (कोभिड-१९) को नयाँ भेरियन्ट तिब्र गतिमा फैलिरहेको र देश नै लकडाउनमा रहेको वर्तमान चुनौतीपूर्ण घडीमा मुलुकमा भएका ऐतिहाँसिक जनआन्दोलन, सशस्त्र संघर्ष लगायत जनाधिकार प्राप्ति एवम् संघीय लोकतान्त्रीक गणतन्त्र स्थापनाका लागि आफ्नो अमूल्य जीवन वलिदानी गर्नुहुने सम्पूर्ण ज्ञातअज्ञात सहीदहरुप्रति उच्च सम्मान सहित हार्दिक श्रद्धासुमन अर्पण गर्दछु । साथै अधिकार प्राप्तिका विभिन्न चरणका अन्दोलनका क्रममा हाल सम्म वेपत्ता, घाइते र अपाङ्ग योद्धाहरुप्रति उच्च सम्मान प्रकट गर्न चाहान्छु । कोभिड - १९ संक्रमित भई देश भित्र तथा बाहिर जीवन गुमाएका सम्पूर्ण राजापुर नगरबासी तथा नेपाली नागरिकहरु प्रति हार्दिक श्रद्धाञ्जलीका साथै शोकाकुल परिवार प्रति गहिरो सम्वेदना व्यक्त गर्दछु । उपचार रत सम्पूर्ण दिदीबहिनी तथा दाजुभाईहरुमा शिघ्र स्वास्थलाभको कामना गर्दछु ।

कोभिड १९ संक्रमण रोकथाम तथा नियन्त्रणका लागि जोखिमपूर्ण परिस्थितिमा अग्रपंङतीमा रहेर सेवा गर्ने स्वास्थ्यकर्मी, चिकित्सक, नर्स, चालक, सुरक्षाकर्मी, कर्मचारी, जनप्रतिनिधि लगायत सम्पुर्ण जनसमुदाय प्रति म उच्च प्रसंशा एवं हार्दिक सम्मान व्यक्त गर्दछु साथै आवश्यक सहयोग गर्नुहुने सबै व्यक्ति, समुदाय, संघसंस्था, राजनीतिक दल, निजी तथा व्यवसायिक क्षेत्र, विभिन्न सञ्चार माध्यमहरु, पत्रकार मित्रहरु, अक्सिजन बैंक, बर्दिया लगायतका सहयोगी संस्थाहरु प्रति आभार व्यक्त गर्दछु ।

**सभाध्यक्ष महोदय,**

यस गरीमामय सभामा प्रस्तुत नीति तथा कार्यक्रमहरुले निर्दिष्ट गरेका लक्ष्य र उद्देश्यहरुबाट प्राप्त मार्गदर्शन, दिगो विकास लक्ष्य, क्षेत्रगत तथा राष्ट्रिय नीतिहरु एवम् योजना तर्जुमाका क्रममा विभिन्न तहबाट प्राप्त हुन आएका सुझावहरु, विगत तथा चालु आ.व. का नीति तथा कार्यक्रम कार्यान्वयनबाट प्राप्त उपलब्धिहरु समेतका आधारमा आगामी आ.व. २०७८/०७९ को लागि यो वार्षिक, नीति तथा

कार्यक्रम तयार परेको छु । यस वार्षिक नीति तथा कार्यक्रमको कार्यान्वयन बाट यस नगरपालिकाका लक्षित उद्देश्यहरु हासिल हुनुका साथै राष्ट्रिय लक्ष्य समेत हासिल गर्न टेवा पुग्ने विश्वास लिएको छु ।

**सभाध्यक्ष महोदय,**

लामो समय पश्चात् स्थानीय तहमा निर्वाचित भई आउनुभएका जनप्रतिनिधिहरु एवम् स्थानीय सरकारप्रति जनताको बढ्दो आकांक्षा, उपलब्ध श्रोत साधनको सीमितता तथा विश्वव्यापी रुपमा फैलिएको कोरोना (कोभिड १९) संक्रमणको कारण अर्थ व्यवस्था अस्तव्यस्त भई नराम्ररी थला परेको तथा सामाजिक जनजीवन पनि नराम्ररी प्रभावित भएको व्यहोरा सर्व विदितै छ । त्यसमा पनि हाम्रो नगरपालिका दुर्गम, पिछडिएको र आर्थिक रुपमा कमजोर भएको हुँदा जीविकोपार्जनको लागि रोजागारीको सिलसिलामा हाम्रा दाजुभाई तथा दिदीबहिनीहरु भारत लगायत विभिन्न देशमा र नेपालको विभिन्न क्षेत्रमा जान विवश रहेका कुरा अवगत नै छ । विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरसले सिर्जना गरेको वर्तमान असहज परिस्थितिले रोजगारी गुमाउन पुगेका दाजुभाई तथा दिदीबहिनीहरु आफ्नो आत्म रक्षाका लागि घर फर्कदा वर्तमान अवस्थामा क्वारेन्टाइनको व्यवस्थापनमा पर्न आएको विकराल समस्या, आर्थिक अभाव तथा सिथिलताका बावजुद पनि सम्बन्धित सरोकारवालाहरु सँग विभिन्न चरणमा अन्तरक्रिया गरी उपलब्ध श्रोत र साधनको प्रयोगबाट अधिकतम विकासको प्रतिफल विभिन्न क्षेत्र र वर्गका जनता बीच पुऱ्याउने कोशिस गरिएको छ । जनआकांक्षा र स्थानीय आवश्यकता बिच तालमेल मिलाउन अधिकतम जनसहभागीता कायम गर्दै प्राप्त हुने लाभ र लागतका आधारमा पिछडिएका जातजाती, दलितें, उत्पिडित, महिला, बालबालिका, अपाङ्ग, आदिवासी जनजाती तथा विपन्न वर्ग आदिको उत्थानका लागि उहाँहरुको सक्रिय र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै विकासको प्रतिफलमा सामानुपातिक पहुँच हुनेगरी सरकारी, निजी तथा गैर सरकारी क्षेत्रको समन्वयमा चालु आ.व. २०७८/०७९ को नीति तथा कार्यक्रम तयार गरिएको छ ।

**नगर सभाका अध्यक्ष ज्यू,**

अब म आर्थिक वर्ष २०७८।०७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

राजापुर नगरपालिका नगरवासीसँग गरेको प्रतिवद्धता अनुरुप **"कृषि, पर्यटन, उद्योग, भौतिक पूर्वाधारः समावेशी र समृद्ध राजापुरको मूल आधार"** भन्ने नारालाई साकार पार्न दृढ अठोटका साथ अघि बढीरहेको छ । हामीले सिङ्गो कार्यकालका लागी प्रस्तुत गरेका लक्ष्य र प्रतिवद्धताहरु अघिल्ला नीति तथा कार्यक्रम अनुरुप नै

निरन्तरता दिएको छ भने केहि सुधारका नीति तथा कार्याकमलाई थप गरि अघि बढाईएको छ ।

नीति तथा कार्यक्रमलाई बजेटसंग तारतम्य मिलाउने प्रयास गरिनेछ । यस वर्ष केहि महत्वकाक्षी र बहुवर्षिय आयोजनाहरुलाई समेत समावेस गरी यस क्षेत्रका भाषा, संस्कृति, भेषभुषा, सामाजिक परम्परा, रितीथिती एवं विभिन्न धार्मिक प्रतिष्ठान समेतलाई नीति तथा कार्यकममा समेट्ने प्रयास गरेको छु । हाम्रा नीतिहरु दिगो विकास र सहश्राब्दी विकास लक्ष्य र राष्ट्रिय नीति संग तालमेल मिल्ने गरी आवश्यक व्यवस्था मिलाईएको छ ।

१. कृषिमा आधारित पकेट क्षेत्रहरु पहिचान गरी धान, गहुँ, तोरी, तरकारी, फलफुल तथा मसाला बालीहरुको लागि जग्गा चक्लाबन्दी गरी पकेट विकास कार्यक्रमको सञ्चालन गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।

२. कृषिको दिगो विकासका लागि धान, गहुँ, तोरी, आलु तथा मसाला बालीहरुका विजवृद्धि गरी पकेटमा निर्धारण गरी उत्पादनमा सहभागी इच्छुक कृषक उद्यमी, कृषक समुह, सहकारी, निजी क्षेत्र, स्थानीय समुदाय, प्रदेश, संघीय सरकारसंगको सहकार्यमा पकेट व्लक कार्यक्रम सञ्चालन गरिनेछ ।

३. बागबाणी विकास कार्यक्रम अन्तर्गत मौसमी तथा बेमौसमी तरकारी उत्पादन फलफूल तथा तरकारी नर्सरी स्थापना, फलफूल बगैचा विस्तार कार्यक्रम मार्फत कृषिको पोषण तथा आर्थिक विकासमा जोड दिने कार्यक्रम ल्याइनेछ ।

४. बाली संरक्षण गर्न आकस्मिक बाली संरक्षण सेवा, कृषि विमा, प्लान्ट क्लिनिक, आई.पि.एस. कार्यक्रम विषादीको बैज्ञानिक प्रयोग तथा मानव स्वास्थ्य असर गर्ने विषादी बारे सचेतनामुलक कार्यक्रम संचालनमा ल्याइनेछ ।

५. दिगो कृषि पर्यावरणीय र बैज्ञानिक खेतीको लागि एकिकृत खाद्यतत्व व्यवस्थापनकोलागि माटो उर्वराशक्ति कायम राख्दै माटो परिक्षण ल्याव सेवा, कम्पोष्ट मल तथा हरियो मलको प्रदर्शनी कार्यक्रम, भर्मिकम्पोष्ट जस्ता कार्यक्रम संचालनमा ल्याई दिगो कृषि उत्पादनमा सुचिश्चिता गरिनेछ ।

६. कृषि उत्पादन, उत्पादकत्व बृद्धि, कृषिमा आधुनिकरण र औद्योगिकिकरण गरी कृषिमा लागत न्यूनिकरण गर्न कृषि यन्त्र उपकरणको प्रयोग कृषक समक्ष पुऱ्याउन कृषि यन्त्र उपकरणमा अनुदान उपलब्ध गराइनेछ ।

७. कृषि प्रोफाइल अनुरुप बाँझो जग्गाहरुको एकिकृत तथ्यहरु संकलन र पूर्ण उपयोगको व्यवस्था मिलाईनेछ । खेतीयोग्य जग्गालाई बाँझो हुन नदिन खाद्य बाली, नगदे बाली, तरकारी खेती, फलफुल खेती, मसलाबाली खेतीप्रति कृषकहरुलाई आकर्षण गर्न भूमि बैंकको अवधारणा कार्यन्वयनका लागि सहजिकरण गरिनेछ । **नगर प्रमुख युवा उद्यमी कृषक प्रबर्द्धन कार्यक्रम** लाई निरन्तरता दिईनेछ ।

८. कृषि पेशालाई सम्मानित तथा मर्यादित बनाउनकालागि अगुवा तथा नमूना कृषकहरुलाई परिचय पत्र वितरण प्रकृया अगाडी बढाईनेछ । कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व बृद्धिका लागि ५० प्रतिशत विभिन्न किसिमका अनुदान तथा विशेष अनुदान, मिनी ल्याव स्थापना गरी कृषकहरुको उत्पादन बृद्धि गरिनेछ । अति विपन्न कृषकहरुको लागि ५० प्रतिशत अनुदानमा साना मेसिनरी औजार वितरण कार्यक्रम विगतका वर्ष जस्तै निरनतरता दिईनेछ ।

९. कृषि तथा पशुपन्छी बीमा कार्यक्रमलाई प्रभावकारी बनाईनेछ । विदेशबाट फर्किएका तथा बेरोजगार युवाहरुलाई कृषि तथा पशु पालन पेशामा आकर्षित गर्न कृषि यान्त्रिकरणलाई जोड दिईनेछ । कृषक तथा सम्बन्धित सरोकारवालाहरुको समन्वयमा खाद्यन्नवाली (धान, गहुँ, मकै) को बीउ उत्पादन कार्यक्रम संचालन गरिनेछ ।

१०. नगरभित्रका सहकारीहरुलाई सामुहिक कृषि उत्पादन गर्न लगानीमैत्री वातावरण तथा विशेष अनुदानको व्यवस्था गरि सहकारी संघसंस्थामार्फत उत्पादित वस्तुहरूको प्रशोधन, भण्डारण, बजारीकरण र विविधिकरण सम्बन्धि आयोजनाको लागि प्राविधिक सहयोग उपलब्ध गराईनेछ । **'एक वडा एक हाट वजार'** कार्यक्रम अगाडि बढाइनेछ ।

११. प्राङ्गारिक खेतीलाई जोड दिदै कम्पोष्ट मल उत्पादन कार्यलाई जोड दिई रासायनिक मलको सहज आपूर्तिकालागि आवश्यक समन्वय गरिनेछ ।

१२. **एक वडा एक उत्पादन** नीति अवलम्बन गरिनेछ ।

१३. बेरोजगार युवा तथा कृषकहरुलाई पशुपालन र तरकारी खेती व्यवसायमा आकर्षित गर्न दुध तथा तरकारीमा आत्मनिर्भर हुन कार्यक्रम संचालन गरिनेछ ।

१४. उत्पादन तथा उत्पादकत्व बृद्धि सँगै उत्पादन लागत कम गर्न पशु आहार सेवा कार्यक्रम संचालन गरिनेछ र पशुपालन व्यवसायलाई समय सापेक्ष व्यवस्थित गर्न पशुपालक कृषकहरुलाई विषयगत तालिम तथा जनचेतनामुलक कार्यक्रमहरुको संचालन गरिनेछ ।

१५. पशुको नश्ल सुधार गरि पशुजन्य उत्पादकत्व बृद्धिका लागि सम्बन्धित निकायसंगको समन्वयमा कृत्रिम गर्भाधान कार्यक्रमहरुको विस्तार गरिनेछ । उच्चमुल्यका पशुपन्छीजन्य वस्तुहरुको उत्पादन र बजार व्यवस्थापनमा जोड दिईने छ ।

१६. संघिय सरकारले तोके बमोजिमको एक वडा एक कृषि/पशु प्राविधिक कार्यक्रमलाई आवश्यक समन्वय गरि अगाडी बढाईने छ।

१७. स्वच्छ र स्वस्थ मासु उपभोक्तासम्म पुऱ्याउन आवश्यक तालिमको व्यवस्था गरि आधुनिक पशु बधशाला निर्माण प्रक्रिया अगाडि बढाईने छ। यस कार्यका लागि नीजि क्षेत्रसँग सहकार्य गरिनेछ।

१८. कृषि पर्यटन क्षेत्रको अवधारणालाई बढावा दिइनेछ।

१९. युवाहरुको बढ्दो बैदेशिक पलायनलाई निरुत्साहित गरिनेछ, यसका लागि कृषि क्षेत्रमा आकर्षण बढाउन मागमा आधारित अनुदान साझेदारीको व्यवस्था गर्ने नीति बनाई कार्यान्वयन गरिनेछ।

२०. छनौट भएका उत्कृष्ट कृषकहरुलाई पुरुस्कृत गर्ने व्यवस्था मिलाईनेछ।

२१. भूगोल र हावापानी सहाँउँदो जातको मौरी पालनलाई व्यवस्थित गर्न मौरी पालन समूह गठन गरी मौरी पालन व्यवसायलाई प्रबर्द्धन र विस्तार गरिनेछ। आगामी आ.व.मा मौरीको घार अनुदान कार्यक्रम अगाडि बढाइनेछ।

२२. संघिय, प्रदेश सरकार र अन्य संघ संस्थाहरु सँग साझेदारी गरि कोल्ड स्टोर निर्माणको लागि प्रकृया अगाडी बढाईनेछ।

२३. नगर क्षेत्रभित्र संचालनमा रहेका उद्योग, कलकारखानाहरुलाई बढावा दिदै थप उद्योग कलकारखाना संचालनमा ल्याउन उद्योगी र लगानीकर्ताहरुलाई प्रोत्साहन गरिनेछ। सञ्चालनमा रहेका उद्योग, फर्म तथा पसलहरूको दर्ता नवीकरण, नियमित अनुगमन तथा सुपरीवेक्षण गरिनेछ।

२४. स्थानीय स्रोत साधन र सम्भावना तथा तुलनात्मक लाभको आधारमा औद्योगिक ग्राम निर्माण गरि गरिबी निवारणमा टेवा पुग्ने कार्यक्रम सञ्चालन गरिनेछ। व्यवसायिक किसान र महिला उद्यमीलाई सहुलियत सहितको वित्तीय पहुँचमा सुनिश्चित गरि रोजगारी सिर्जनामा प्रोत्साहन गरिनेछ।

२५. स्थानीय सीप, कला र कच्चा पदार्थमा आधारित उत्पादित सामग्रीहरुको उचित बजारीकरण गर्नका लागि उद्यमशिलता विकासको माध्यमबाट कोशेली घरको सञ्चालन गरिने छ।

२६. नगरक्षेत्रमा सुरक्षा प्रवन्धका लागि सि सि टि भी जडान गर्न र नियमित सुरक्षा गस्ती लगायतका कार्यको लागि सम्बन्धित निकायसँग समन्वय गरीनेछ

२७. नियमित बजार अनुगमन र बजार नियमन कार्यलाई व्यवस्थित र प्रभावकारी बनाईनेछ । उपभोक्ता शिक्षा, जागरण र संचेतिकरणका कार्यक्रमहरु सञ्चालन गरी उपभोक्ता हितको संरक्षण र प्रवर्द्धन गरिनेछ ।

२८. साना तथा घरेलु उद्योगहरुलाई विकास एवम् विस्तार, परम्परागत कुटीर उद्योगहरुको संरक्षण र संबर्द्धन गर्ने नीति लिइनेछ ।

२९. मझौला तथा ठूला उद्योगहरुको स्थापना गर्न नेपाल सरकारको औद्योगिक नीति तथा बार्षिक बजेट बक्तव्य अनुसार विषेश आर्थिक क्षेत्र स्थापनाको लागि कार्य अगाडि बढाईनेछ । साना तथा मझौला उद्योग ग्राम स्थापनाका लागि सम्भाव्यता अध्ययन गरि लगानीलाई प्रोत्साहन गरिनेछ ।

३०. उद्योग तथा वाणिज्य क्षेत्रको विकास र विस्तारका लागि सार्वजनिक नीजि साझेदारी (पि.पि.पि.) को अवधारणलाई आत्मसाथ गरिनेछ । लगानीकर्तालाई पुरुस्कृत तथा सम्मान गर्ने व्यवस्था मिलाइने छ ।

३१. कालाबजारी, एकाधिकार, कृत्रिम अभाव सिर्जना गर्ने र प्रतिस्पर्धा नियन्त्रण जस्ता कार्यको अन्त्य गर्दै व्यापारिक नैतिकता र अनुशासन कायम गरि उपभोक्ता हित संरक्षण गर्ने नीति लिइनेछ ।

३२. गैरसरकारी संस्थाको दर्ता नवीकरण तथा सुचिकृत, विघटन र खारेजी तथा नियमन कार्यलाई व्यवस्थित गरिनेछ । सहकारी, सामुदायिक र गैरसरकारी संघसंस्थाहरुबाट प्रस्तावित बजेट तथा कार्यक्रम नगरसभाले अनुमोदन गरे मात्र कार्यक्रम संचालन गर्न दिने नीति लिइनेछ ।

३३. सार्वजनिक, निजी र सहकारी तीनखम्बे अर्थनीति अवलम्बन गरिनेछ ।

३४. सहकारी संघसंस्थाको क्षमता अभिवृद्धिका लागि सहकारी शिक्षा, नेतृत्व विकास र व्यवस्थापन तालिम सञ्चालन गरिनेछ ।

३५. **'एक वडा एक विषयगत सहकारी संस्था'** कार्याक्रम सञ्चालनका लागि प्रकृया अगाडी बढाईनेछ ।

३६. नगर स्तरीय सहकारी बोर्डको गठन गर्न नीतिगत व्यवस्था गरिनेछ । साथै सहकारी संस्थाहरुको अनुगमन र मुल्याङ्कनलाई व्यवस्थित र प्रभावकारी बनाईनेछ ।

३७. उत्पादनमा आधारित सहकारी संस्थाहरुको प्रवर्द्धन गरिनेछ । साथै सार्वजनिक, निजी र सहकारी साझेदारी सम्भावनाका क्षेत्रहरु पहिचान गरिनेछ ।

३८. सबै सहकारी संस्थाहरुको एकीकरण कार्यमा जोड दिइनेछ साथै आवश्यक ऐन नियमहरुको तर्जुमा गरिनेछ ।

३९. सहकारी सम्बन्धी एकीकृत आधारभूत तथ्याङ्क तयार गर्न तथा नियमनलाई प्रभावकारी बनाउन प्रविधिको प्रयोगमा जोड दिईनेछ ।

४०. सहकारी संस्थाको संस्थागत सुदृढिकरण र प्रतिनिधि तथा कर्मचारीहरुका क्षमता विकास सम्बन्धी प्रशिक्षणका कार्यक्रमहरु संचालन गरिनेछ ।

४१. राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्थाहरुबाट हुने सहयोग तथा कार्यक्रमलाई एकद्धार प्रणालीबाट संचालन गर्न सहजिकरण गरिनेछ ।

४२. गरिब, विपन्न, शैक्षिक बेरोजगार र रोजगार गुमाएका युवाहरुलाई सहकारी संस्था मार्फत कर्जा प्राप्त गरी साना तथा घरेलु उद्योग स्थापना गर्न प्रोत्साहन गरिनेछ ।

४३. ऐतिहासिक, पुरातात्विक, धार्मिक, सांस्कृतिक महत्वका सम्पदाहरुको पहिचान, संरक्षण र सम्बर्द्धन गर्ने नीति लिइनेछ ।

४४. महत्वपुर्ण पर्यटकिय स्थलहरुमा सूचना पाटीहरु राखिनेछ । नगरपालिकाले पर्यटन वृतचित्र तयार गरी विभिन्न सञ्चार माध्यमबाट प्रचारप्रसार गर्ने व्यवस्था मिलाईनेछ ।

४५. नगरपालिका भित्र रहेका विभिन्न जातजाति तथा धर्मसंस्कृति भएका समुदायहरुको मौलिक, संस्कृतिक पहिचान, भेषभूषा, भाषा, मठमन्दिर, पाटी पौवा, चर्च, गुम्वा लगाएका धार्मिक स्थल र सभ्यताको संरक्षण तथा सम्बर्द्धन गर्ने नीति लिईनेछ ।

४६. पर्यटकीय क्षेत्रको प्रचारप्रसार र विस्तारका लागि पर्यटकीय सम्पदा, पर्यटन स्थलहरु र पर्यटन मार्गमा पर्यटनमैत्री पुर्वाधार विकास गरि पर्यटन प्रवर्द्धनको लागि विशेष जोड दिइनेछ।

४७. यस नगरपालिका भित्र रहेका होमस्टेहरुलाई विकास र प्रर्वद्धन गर्न आवश्यक काम गरिनेछ।

४८. नगरक्षेत्रमा रहेका ऐतिहासिक धार्मिक, सांस्कृतिक, पौराणिक एवं पुरातात्विक महत्वका क्षेत्रहरु तथा स्थलहरुको संरक्षण, सम्बर्द्धन, प्रचार प्रसार र विकासका लागि आवश्यक कार्य गरिनेछ।

४९. डि.पि.आर. तयार भैसकेका पर्यटकिय क्षेत्र अर्नहवा ताल व्यवस्थान, पिक्निक स्पोटको निर्माण कार्यलाई केन्द्र, प्रदेश सरकार र स्थानिय तहको समन्वयमा अगाडि बढाइनेछ। चिल्ड्रेन पार्क निर्माणलाई यसै बर्ष देखि प्रारम्भ गरिनेछ।

५०. स्थानिय भाषा संस्कृतीको जगेर्ना गर्ने गरि समुदायमा आधारित होमस्टे, पर्यटनको विस्तार तथा संरक्षण, धार्मिक, ऐतिहासिक तथा पुरातात्विक स्थलहरुको खोज पहिचान, परम्परागत चाडपर्व, जात्रा, मेला, कला संस्कृतिको संरक्षण तथा प्रचारप्रसारको लागि पोष्टर, पम्पलेट छपाइनुका साथै डकुमेन्ट्री बनाइनेछ।

५१. थारु राष्ट्रिय साँकृतिक संग्राहलय र खेलमैदान निर्माण कार्य अगाडी बढाई निरन्तरता दिईनेछ।

५२. व्यवसाय विकास सेवा प्रदायक संस्थाहरु मार्फत लघु उद्यम विकास मोडलमा गरीवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई निरन्तरता दिईदै लगिनेछ।

५३. विपन्न आदिवासी जनजाति, महिला, दलित, अपाङ्गता भएका व्यक्ति तथा अन्य अल्पसंख्यक वर्ग र समुदायको आयआर्जन र गरीवी निवारणका लागि आवश्यक कार्य गरिनेछ।

५४. विदेशवाट फर्किएका सिपयुक्त जनशक्तिहरुको रोजगारी प्रवर्द्धनमा विशेष प्राथमिकता दिने नीति अवलम्बन गरिनेछ।

५५. विपद् व्यवस्थापनको लागि थप आवश्यक सामग्री भण्डारणका लागि व्यस्थापन गरिनेछ।



२०७८।३।१९

५६. स्थानीय तह, निजी क्षेत्र, गैर सरकारी संघसंस्था तथा समुदायको समन्वयमा एकीकृतरुपमा खोज, उद्धार र राहतको व्यवस्था मिलाईनेछ ।

५७. कर्णाली र गेरुवा नदी तथा बुढीकुलोमा आउने बाढी नियन्त्रणको लागी केन्द्र सरकारसँग आवश्यक पहल गरिनेछ । साथै स-साना खोला नियन्त्रण र व्यवस्थापनको लागि समुदायको सहभागितामा जैविक तटबन्धको निर्माण गरिनेछ ।

५८. नदिको पूर्वी मुहानलाई नियमीत रुपमा सञ्चालन गर्न यसै वर्ष बजेटको समेत व्यस्थापन गरिनेछ ।

५९. नगरक्षेत्रमा सरसफाई तथा वातावरण संम्बन्धि चेतना अभिवृद्धि गरि प्रत्येक वडामा **एक घर दुई विरुवा** कार्यक्रमलाई थप विस्तार गर्नुका साथै १० मिटर भन्दा माथिका बाटो किनारमा अनिवार्य वृक्षारोपण कार्यक्रम संचालन गरिनेछ ।

६०. वनको सुरक्षा, वृक्षारोपण, जैविक विविधता संरक्षण र विकासलाई उच्च महत्व दिई वनको बहुउपयोग गर्ने गरी वन क्षेत्रका कार्यक्रम संचालन गर्न संघ तथा प्रदेशसँग समन्वय गरिनेछ ।

६१. सामुदायिक वन संरक्षण र वन्यजन्तुको संरक्षणमा विषेश पहल गरिनेछ । वन्यजन्तुको आक्रमणबाट जोगिन विधुतिय तारबार र उच्च मचानको व्यवस्था गरिनेछ ।

६२. नेपाल जलवायु परिवर्तन (NCCSP) कार्यक्रमलाई निरन्तरता दिनका लागि पहल गरिनेछ ।

६३. नगरपालिका क्षेत्रभित्र विपद् व्यवस्थापनलाई मध्यनजर गर्दै संघ, प्रदेश सरकार र कर्णाली नदी व्यवस्थापान आयोजना सँग आवश्यक समन्वय गरिनेछ ।

६४. उत्थानशील विकास उन्मुख राजापुर नगरपालिका भन्ने मूल नारालाई आत्मसात गर्दै राजापुर नगरपालिकाको स्थानिय विपद् तथा जलवायु उत्थानशील योजनालाई अनुमोदन गरिनेछ । जलबायु उत्थानशिल समाजको विकास गरी राजापुर नगरपालिकाको सामाजिक, आर्थिक सम्बृद्धिमा योगदान पुर्याउन विषय क्षेत्रगत तथा अन्तर विषय क्षेत्रगत नीति, रणनीति तथा कार्यनीतिहरुमा विपद् व्यवस्थापन तथा जलबायु परिवर्तनका विषयहरुलाई मुलप्रवाहिकरण गर्दै लगिनेछ ।



२०८१।३।१९

६५. कोभिड १९ लगायत अन्य विपद्हरुको रोकथाम तथा न्यूनीकरणको लागि पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभका कार्यक्रम सञ्चालन गर्न विपद् व्यवस्थापन कोषमा आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

६६. हाल सञ्चालित सरसफाई कार्यक्रमलाई निरनतरता दिँदै ट्रिटमेन्ट प्लान्ट (ढलनिकास) को लागि रणनितीक योजना निर्माण गरिनेछ ।

६७. फोहारमैला व्यवस्थापनको लागि डम्पिङ्ग साइटको व्यवस्था गर्न केन्द्र र प्रदेश सरकारसँग आवश्यक समन्वय गरिनेछ । 'स्वच्छ नगरपालिका कार्यक्रम' लाई थप व्यवस्थित गर्न सेफ्टी ट्याङ्की सफा गर्ने उपकरणहरु यसै वर्ष खरिद गरि संचालनमा ल्याईनेछ ।

६८. राजापुर नगरपालिकाको वेबसाईटबाट विपद्का सबै सूचनालाई पारदर्शीरुपमा प्रकाशित गरिनेछ ।

६९. प्राकृतिक संरक्षण, जलचर तथा ज़लिय जैविक विविधताको संरक्षण र संबर्द्धन गर्ने नीति लिइनेछ ।

७०. बैकल्पिक उर्जा प्रबर्द्धनमा जोड दिइनेछ ।

७१. पानीको स्रोतको संरक्षण र संवर्द्धन गरी नगरबासीलाई स्वच्छ खानेपानीको व्यवस्था मिलाईनेछ ।

७२. वडा नं. ३ र ४ वजार क्षेत्रमा यसै वर्ष सम्पुर्ण घरधुरीमा नयाँ खानेपानीको पाईप विस्तार गरी खानेपानी सेवा उपलब्ध गराउने काम अगाडी बढाईने छ ।

७३. यसै वर्षदेखी ढल निकासको गुरुयोजनालाई अगाडी बढाईनेछ ।

७४. यस वर्षदेखि नगरपालिका भित्र फोहोरमैला व्यवस्थापन सम्बन्धी आवश्यक व्यवस्था मिलाउन आवश्यक स्रोत र साधनको व्यवस्था गरिनेछ ।

७५. ल्याण्डफिल्ड साईट निर्माणको लागि आवश्यक पहल गरिने छ ।

७६. यसै वर्षदेखी फोहोरमैलामा हुने खर्चलाई पारदर्शी गर्न छुट्टै वजेट शीर्षक राखी आवश्यक व्यवस्था मिलाईनेछ ।

७७. यसै आर्थिक वर्ष देखी फोहोरमैला व्यवस्थापनलाई निजी क्षेत्रको साझेदारीमा सञ्चालन गर्न आवश्यक प्रक्रिया मिलाईनेछ ।

७८. विभिन्न कारणले मरेका जिवजन्तुको सिनो व्यवस्थापन गर्न कार्यक्रम गरिनेछ ।

७९. दातृ निकायहरु सँग समन्वय गरि पूर्ण सरसफाई अभियान संचालन गरिनेछ । त्यकालागि आवश्यक कोषको पनि व्यवस्था गरिनेछ ।

८०. नगरपालिकामा निर्माणधिन धर्मशालालाई समेत आवश्यक सहयोगको व्यस्था मिलाईनेछ ।

८१. दिशाजन्य लेदो पदार्थ व्यवस्थापनका लागि सकसङ ट्याङ्कको व्यवस्था यसै वर्षदेखी गरिनेछ साथै उक्त लेदोलाई व्यवस्थि गर्न ड्राईवेड सेट (ड्राई ट्रिटमेन्ट प्लान) निर्माण गरिनेछ ।

८२. सबै स्वास्थ्य संस्थामा हुने फोहोरलाई व्यवस्थापन गर्न विशेष व्यवस्था मिलाईनेछ ।

८३. प्रत्येक घरमा फोहोरमैलाको वर्गिकरण गरी कम्पोष्ट मल बनाउने तालिम संचालन गरिनेछ ।

८४. नगर क्षेत्र भित्र क्रमशः प्लास्टिकमुक्त क्षेत्र बनाउन कार्यक्रम तर्जुमा गरिनेछ ।

८५. फोहोर् बाट मोहर कार्यक्रम सञ्चालन गरिनेछ ।

८६. सार्वजनिक स्थलहरुमा हात धुने व्यवस्था सहितको लैङ्गिक तथा अपाङ्गमैत्री सार्वजनिक सौचालयहरुको निर्माण तथा व्यवस्थापन गर्ने काम अगाडी बढाइने छ ।

८७. यस राजापुर नगरपालिका भित्र सदियौ देखी चलिआएको वरघर प्रथालाई परिभाषित, नियमित, प्रवर्द्धन र विकास गर्ने नीतिहरु अपनाईनेछ ।

८८. वरघर प्रथाको ऐतिहास र अन्तरवस्तु झल्किने गरी पार्श्वचित्र तयार गरिनुका सथै यस प्रथालाई व्यवस्थित गर्न आवश्यक बरघर कार्यविधि निमार्ण तथा कार्यन्वयन गरिनेछ ।

८९. वरघरहरु मध्ये विकास निर्माण र सामाजिक परिचालनको काममा उत्कृष्ट भूमिका निर्वाह गरेका नगर भित्रका बढीमा तिनजना वरघरलाई सम्मान सहित पुरुस्कारको व्यवस्था गरिनेछ ।

९०. 'विकास सँग वरघर' भन्ने नाराका साथ यसै वर्षदेखी लागत सहभागितामा आधारित विकास कार्यक्रममा जोड दिनुको साथै जनउत्साहा बढाउन आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।

९१. शिक्षा क्षेत्रलाई थप व्यवस्थित तथा नियमित गर्न आवश्यक पर्ने कार्यविधि, मापदण्ड तथा ऐन नियमहरु पेशागत संघसंगठन तथा सरोकारवाल समेतको सहयोगमा निर्माण गरि कार्यन्वयन गरिनेछ ।

९२. आधारभुत तथा माध्यामिक शिक्षा निशुल्क (हाल कक्षा १ देखि १० सम्म) लाई निरन्तरता दिईने छ । साथै विद्यार्थी भर्ना अभियानलाई निरन्तरता दिईनेछ । नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम बैकल्पिक विधि प्रयोग गरि पठनपाठन सुचारु गर्ने वातावरण मिलाईनेछ ।

९३. शैक्षिक पात्रो निर्माण र कार्यान्वयन, विभिन्न किसिमका छात्रवृत्ति व्यवस्थापन र वितरणका साथै पूर्ण साक्षर राजापुर नगरपालिका घोषणा गर्ने अभियानलाई निरन्तरता दिइनेछ ।

९४. विद्यालय तहमा संचालन गरिने सबै कक्षा र परीक्षाहरुको निरीक्षण गरि आवश्यक पृष्ठपोषणलाई निरन्तरता दिईनेछ साथै आधारभुत तह उत्तीर्ण परीक्षाको उपलब्धिको आधारमा उत्कृष्ट विद्यार्थी र विद्यालयलाई पुरस्कृत गरिनेछ ।

९५. बालविकासमा अध्यापन गराउने शिक्षक तथा कार्यलय सहयोगीहरुको लागि नियममानुसार थप गर्नुपर्ने आवश्यक रकमको व्यवस्था मिलाईनेछ ।

९६. विद्यालयहरुमा बालउद्यान निर्माणको प्रक्रियालाई यसै वर्षदेखि प्रारम्भ गरिनेछ । सुरुमा ५ वटा विद्यालयहरु लाई छनोट गरि नमूनाको रुपमा अगाडी बढाईने छ ।

९७. नगरभित्रका सबै विद्यालयहरुलाई २ वर्षभित्र तोकिएको एउटै कलरमा रंगरोगन गर्ने व्यवस्था मिलाइनेछ ।

९८. प्रत्येक विद्यालयहरुमा एक फोहोरमैला व्यवस्थापन कोष ५०/५० को अवधारणा अनुरुप संचालन गरिनेछ । यसरी संचालन गर्दा आधारभूत विद्यालयहरुमा रु. १०,०००। र माध्यामिक विद्यालयहरुमा १५,०००। बराबरको

अनुदान उपलब्ध गराई सोही बराबरको रकम सम्बिन्धित विद्यालयले जम्मा हुने गरी व्यव्स्था मिलाईनेछ ।

९९. संस्थागत विद्यालयमा अनियमित रुपले लिइने कुनै पनि शैक्षिक शुल्क नियन्त्रण गरि अनुमति बिना संचालनमा रहेका संस्थागत विद्यालयलाई नियमन गरिनेछ । स्वच्छ, स्वस्थ र सुरक्षित विद्यालय निर्माणका लागि पहल गरिनेछ र विषम परिस्थितिलाई मध्यनजर गरि दूर शिक्षा तथा बैकल्पिक शिक्षाको अवधारणालाई आत्मसात् गरिनेछ ।

१००. सामुदायिक विद्यालयहरुमा स्वच्छ खानेपानीको व्यवस्था मिलाईने छ । एक वडा एक माध्यमिक विद्यालय स्थापनाको लागि आवश्यक पहल गरिनेछ ।

१०१. खेलकूद विकासका लागि नगर स्तरीय खेलकूद समिति गठन गरिनेछ । सो समितिको सचिवालय यसै नगरपालिकाको नगरकार्यपालिकामा राखिनेछ ।

१०२. खेल जगतमा युवाहरुलाई आकर्षित गर्नका लागि नगरस्तरीय खेलकुद समिति गठन गरिनेछ । मेयरकप प्रतियोगिता लाई निरन्तरता दिदैं अतिरिक्त कियाकलापलाई व्यवस्थित्त तरिकाले अगाडि बढाउन राजापुर नगरपालिका भित्र १ देखि १० वटै वडामा खेल मैदानको सम्भाव्यता अध्ययन गरि व्यवस्थापनको लागि पहल गरिनेछ । साथै **एक नगरपालिका : एक रंगशालाको** लागि संघिय र प्रदेश सरकारसँग समन्वय गरि निर्माण कार्य गर्नुका साथै नगरबाट समेत आवश्यक बजेटको व्यवस्था गरिनेछ र **एक वडा एक खेल मैदानको** अवधारणा लागु गरिनेछ ।

१०३. शिक्षकं तथा कर्मचारीको पेशागत दक्षता अभिवृद्धिका लागि विभिन्न किसिमका तालिम गोष्ठीको संचालन गर्नुका साथै बालबालिकालाई कलात्मक र प्रयोगात्मक शिक्षण विधि द्धारा सिकाइने वातावरण मिलाइनेछ ।

१०४. यस नगरपालिका भित्रका विद्यालयहरुमा निःशुल्क स्यानिटरी प्याड वितरणलाई निरन्तरता दिईनेछ । यसको थप व्यवस्थापनका लागि समिति, आवश्यक कार्यविधि निर्माण गरी लागु गरिनेछ । राजापुर नगरपालिकाको वडा नं. ४ संघर्षनगरमा रहेको शिशु स्याहार केन्द्रलाई थप व्यवस्थापन गरिनुका साथै विद्यालयमा जुनियर युवा रेडकस, युवा रेडकस र बालक्लबहरु गठन गर्न प्रोत्साहन गरिनेछ।

१०५. युवा क्लाब गठन तथा युवा दिवशका लागि आवश्यक वजेट विनियोजन गरिनेछ ।

१०६. युवा प्रतिभा पहिचान तथा प्रोत्साहन पुरस्कारको व्यबस्था गरिनेछ ।

१०७. युवा विकासका लागि नीति सम्वाद कार्यक्रम संचालन गरिनेछ ।

१०८. खेलकुद विकास समित संचालन तथा गठन सम्बन्धी कार्यविधि बनाईनेछ ।

१०९. कोभिड १९ मा स्थानीय तहमा खटिने स्वास्थ्यकर्मी तथा जनशक्तिलाई स्वास्थ्य सुरक्षा सामाग्री (मास्क, पञ्जा, सेनिटाईजर, पिपिई) हरुको अभाव नहुने गरी बजेट व्यवस्था गरिनेछ ।

११०. संघीय तथा प्रदेश सरकारको समन्वयमा सबै नगरबासीलाई खोपको व्यवस्था गर्न आवश्यक पहल गरिनेछ ।

१११. संक्रमण जोखिम रहदाँसम्म अशक्त, असहाय एवं आर्थिक रुपले विपन्न गर्भवती महिला, जेष्ठ नागरिक एवं अपाङ्गता भएका व्यक्तिहरुलाई निशुल्क स्वास्थ्य सेवा उपलब्ध गराईनेछ ।

११२. हजार दिने आमा सँग उप प्रमुख कार्यक्रम संचालन गरिनेछ ।

११३. कोभिड १९ को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि क्षमता विकास तथा जनचेतनामूलक कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्था मिलाईनेछ । साथै एम्बुलेन्स, दमकल जस्ता सेवालाई चौबीसै घण्टा सञ्चालन हुने गरि तयारी अवस्थामा राखिनेछ ।

११४. सबै तहका स्वास्थ्य संस्थाहरुबाट तोकिए बमोजिमको निःशुल्क आधारभुत स्वास्थ्य सेवा र आकस्मिक स्वास्थ्य सेवा सुनिश्चित गरी आर्युबेद, योग तथा होमियोप्याथिक लगायतका चिकित्सा प्रणालीलाई एकीकृत रुपमा बिकास तथा बिस्तार गरिने छ । विशेषज्ञ स्वास्थ्य सेवामा आम नागरिकको सुलभ पहुँच पुर्‍याउन बिशेषज्ञ स्वास्थ्य शिबिर संचालनको साथै स्वास्थ्य बिमा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

११५. गुणस्तरीय औषधी तथा प्रबिधीजन्य स्वास्थ्य सामग्रीको आपुर्ति, भण्डारण, बितरणलाई नियमन तथा प्रभावकारी व्यवस्थापन मार्फत पहुँच एवं समुचित प्रयोग सुनिश्चित गरिने छ ।

११६. सरुवा रोग, किटजन्य रोग, पशुपंक्षी जन्य रोग, जलबायु परिबर्तन र अन्य रोग तथा कोरोना भाईरस जस्ता महामारी नियन्त्रण लगायतका विभिन्न रोगहरुको निदान एवं आवश्यक उपचारको व्यवस्था मिलाईनेछ साथै सर्पदंस केन्द्र स्थापनाको लागि आवश्यक पहल गरिनेछ ।

११७. नसर्ने रोगको रोकथाम तथा नियन्त्रणका लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

११८. 'पोषण' कार्यकमलाई निरन्तरता दिदै आगामी दुई वर्षभित्र पूर्ण पोषणयुक्त नगरपालिका घोषणा गरिनेछ ॥

११९. 'पूर्ण खोपयुक्त तथा पूर्ण संस्थागत सुत्केरी' कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१२०. प्राथमिक स्वास्थ्य केन्द्र राजापुरमा १५ सैयाको अस्पताल सहित विशेषज्ञ सेवाहरु उपलब्ध गराउन आवश्यक पहल गरिनेछ ।

१२१. प्राथमिक स्वास्थ्य केन्द्र राजापुरमा ल्याव तथा डिजिटल एक्सरे जडान लगायतका अत्यावश्यक सेवा सुविधाहरु यसै आ.व.मा थप गरिनेछ । ल्याव व्यवस्थापनको लागि आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गरिनेछ । साथै अन्य स्वास्थ्य केन्द्रहरुमा पनि ल्यावको व्यवस्था गरिनेछ ।

१२२. प्रसुती सेवालाई प्रभावकारी, गुणस्तरीय बनाउन प्रशूती सेवामा संलग्न नर्सिङ स्टाफलाई एस.बि.ए. तालिम र आकस्मिक चक कोष प्रणालीलाई निरन्तरता दिईनेछ ।

१२३. स्वयंसेविका विउ पूँजी कोषको माध्यमबाट निबृत भई जाने सबै स्वयंसेविकाहरुलाई जनही ३० हजारका दरले उपदान उपलब्ध गराईनेछ । सो का लागि यसै वर्ष बजेटको समेट व्यवस्था गरिनेछ ।

१२४. वडा नं. ३, ७ र ८ मा बर्थिङ्ग सेन्टर संचालनका लागि प्रकृया अगाडी बढाईनेछ ।

१२५. स्थानिय स्तरमा हुने सबै नीति निर्माण कार्यमा महिलाको सारभूत सहभागिता सुनिश्चित तथा लैंगिक समानता कायम गरी असल अभ्यासको अनुकरण गरिनेछ ।

१२६. महिलाको श्रम र समयको बचत गर्ने प्रबिधिको प्रयोगमा जोड दिई सबै क्षेत्रमा समान रुपमा अबसर, पहुँच, प्रतिफल र लाभ सुनिश्चित गरिनेछ ।

१२७. गरिबीका कारण विद्यालय बाहिर (ड्रपआवट) हुने बालबालिकाका परिवारलाई पहिलो प्राथमिकतामा राखी रोजगार सेवा कार्यक्रममा सिफारिस गरिनेछ ।

१२८. बालश्रम र बालविवाहमुक्त नगरपालिका बनाउन विशेष कार्यक्रम गरिनेछ ।

१२९. अपाङ्गता भएका व्यक्तिहरुलाई सेवामा विशेष प्राथमिकता दिई सिफारिस लगायतका सेवासुविधाहरु निशुल्क उपलब्ध गराईनेछ ।

१३०. समाजमा पिछडिएका विपन्न महिलाहरुको आय-आर्जनमा सुधार ल्याइ उहाँहरुको जीवनस्तर सुधार गर्न विभिन्न सीपमूलक तथा आयमूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

१३१. नगरापलिकाको बजेटलाई लैङ्गिक उत्तरदायी बजेट बनाइनेछ । जेण्डर अडिटको व्यवस्था गरिनेछ ।

१३२. नगरपालिका क्षेत्रमा हुने घरेलु हिंसा तथा लैङ्गिक हिंसालाई निरुत्साहित गर्न विशेष कार्यक्रम संचालन गरिनेछ । लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

१३३. अन्तराष्ट्रिय नारी दिवस तथा तिज जस्ता महिला विशेष कार्यक्रमहरुलाई सचेतना अभिबृद्धिमूलक कार्यक्रमका रुपमा मनाइनेछ ।

१३४. निजामती सेवामा महिलाहरुको पहुँच बढाउन लोकसेवा तयारी कक्षाहरु सञ्चालनमा ल्याइनेछ ।

१३५. आमा बचाउ छोरी हुर्काउ कार्यक्रम अन्तर्गत लैंगिक विभेद अन्त्य गर्न छोरी जन्माउने आमालाई प्रोत्साहन स्वरुप पोषणभत्ता कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१३६. द्वन्दपिडित, शहिद तथा बेपत्ता परिवार, घाईते, अपाङ्गहरुको लागि सिपमुलक, आयमुलक तथा रोजगारमुलक कार्यकमहरु संचालन गरिनेछ ।

१३७. घरेलु हिंसालाई निरुत्साहित गर्दै प्रधानमन्त्री रोजगारी कार्यक्रममा अधिकांश महिलाहरुलाई सहभागी गराईने नीति लिइनेछ ।

१३८. मानसिक सन्तुलन बिग्रेका बालबालिका तथा महिलाहरुलाई संरक्षण गृहसम्म पुऱ्याउन र उक्त अवधिमा निजहरुलाई खाना खर्चको समेत आवश्यक प्रबन्ध मिलाइनेछ ।

१३९. जेष्ठ नागरिकहरुलाई प्रोत्साहन गर्न अन्तराष्ट्रिय जेष्ठ नागरिक दिवस जस्ता कार्यक्रमहरुलाई उहाँहरुको अधिकार प्राप्तितर्फ केन्द्रित गरी मनाउने व्यवस्था गरिनेछ ।

१४०. जेष्ठ नागरिकलाई उहाँहरुका हक अधिकारबारे जानकारी गराई उहाँहरुलाई अत्मनिर्भर तथा सम्मानका साथ बाँच्न सक्ने वातावरण सिर्जना गर्न विभिन्न चेतनामूलक कार्यक्रमहरु संचालन गरिने छ । साथै जेष्ट नागरिक सम्मान कार्यक्रमलाई निरन्तरता दिईने छ ।

१४१. फरक क्षमता भएका व्यक्तिहरुको आत्मसम्मान र उच्च मनोबल कायम राख्न आवश्यक कार्यक्रम संचालन गरिनेछ । महिला सशक्तिकरणका लागि महिला उद्यमसिलता विकास कार्यक्रम संचालन गरिनेछ ।

१४२. व्याप्त घरेलु हिंसा , वाल विवाह , मानव बेचबिखन ,दाइजो प्रथा , बहुबिवाह लैंगीक हिंसा जस्ता प्रथाको न्यूनिकरणको लागि वहस पैरवी तथा चेतनामुलक कार्यक्रमहरु तर्जुमा गर्नुका साथै महिला हिंसा पिडितको राहात, उद्धार, निशुल्क कानुनी सहायता, मनोसामाजिक परामर्श र सिपमुलक कार्यक्रमको लागि आपतकालिन कोष स्थापना गरिनेछ ।

१४३. सडक बालबालिका अनाथ असहाय ,अशक्त ,अपांगता भएका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाहरुको लागि खानपान, स्वास्थ्य, तथा सुरक्षाको लागि उपयुक्त मापदण्ड बनाई त्यसको सेवालाई सहज र प्रभावकारी बनाईनेछ ।

१४४. बालमैत्री स्थानीय शासनको आवश्यक पूर्वाधार तथा वालअधिकार सूचकहरु पूरा गर्न आवश्यक स्रोत साधनको व्यबस्थापन, वालमैत्री वडा, बालमैत्री नगरपालिका घोषणा गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

१४५. ज्येष्ठ नागरिकको सामाजिक तथा आर्थिक हक अधिकार संरक्षणको लागि जेष्ठ नागरिक संरक्षण नीति तर्जुमा गरी उहाँहरुलाई सम्मान, आदर र सहजताको लागि बिभिन्न सेवा र सुविधामा विशेष छुट र सहुलियतको व्यवस्था गरिनेछ ।

१४६. जेष्ठ नागरिकले समाज र राष्ट्रको लागि पुऱ्याएको योगदानको आधारमा सम्मान र आदर गर्नुका साथै ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्न अन्तरपूस्ता सीप हस्तान्तिरण, छलफल र अन्तक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।

१४७. सबै प्रकारका अपांगता भएका व्यक्तिहरुको लागि स्वास्थ्य उपचार सहयोगी सामग्रीको व्यबस्थापन र आयआर्जनका कार्यक्रम तर्जुमा गर्नुका साथै सार्वजनिक भौतिक संरचना तथा यातायातका साधन अपांगमैत्री बनाईनेछ ।

१४८. दलित, बादी समुदाय, जनजाति, पिछडिएका वर्ग, महिला, बालबालिका, अपाङ्ग, गरिबहरुका लागि विशेष कार्यक्रम ल्याइने छ ।

१४९. यस आर्थिक वर्षमा राजापुर नगरपालिकाको नगर गुरुयोजना तर्जुमा गरि अल्पकालिन, मध्यकालिन तथा दिर्घकालिन विकास लक्ष्यहरु निर्धारण गरिनेछ र नगर गुरुयोजनाका आधारमा योजनाहरुको प्राथमिकता क्रम निर्धारण गरेर आगामी वर्षहरुमा योजनाबद्ध ढंगले विकासका कार्यहरु संचालन गरिनेछ ।

१५०. यसै आर्थिक वर्ष देखि वडा कार्यालय भवन नभएका सवै वडाहरुमा वडा कार्यालय भवन निर्माण कार्यलाई अघि बढाईनेछ साथै वडा केन्द्रसम्म पुग्ने सवै वडाका सडकहरु कालोपत्रे गर्ने कार्यको प्रारम्भ गरिनेछ ।

१५१. अधुरो भौतिक संरचनाहरुलाई पूर्णता दिईदै लगिनेछ ।

१५२. वाताव्रणीय प्रभाव मूल्याङ्कन/अध्ययन (EIA/IEE) गर्ने कार्यलाई जोड दिइनेछ ।

१५३. भौतिक संरचना जस्तै : भवन, बाटो, पुल, नहरहरु निर्माण गर्दा वायो इन्जिनियरिङ्गलाई विशेष ध्यान दिईनेछ ।

१५४. पूर्वाधार निर्माणको क्षेत्रमा जनपरिचालन र जनसहभागितामा आधारित कार्यक्रमलाई संचालन गर्न, भौतिक पूर्वाधार तथा संरचनाहरुको गुणस्तर कायम गर्न उपभोत्ता समिति र अनुगमन समितिलाई थप प्रभावकारी बनाइनेछ ।

१५५. नगरपालिका क्षेत्रमा ६ मीटर भन्दा कम चौडाईका सडकमा लगानी नगर्ने नीति लिनुका साथै नगर यातायात गुरुयोजना प्रभावकारी रुपमा कार्यान्वयन गर्ने तथा अन्य मुख्य सडकको स्तरोन्नती गरिनेछ ।

१५६. विकास निर्माणका आयोजना संचालन गर्दा आउने अवरोध, बाधा र द्वन्दको निराकरण गर्न विवाद समाधान समिति गठन गरि समन्वय र सहजीकरण गरिनेछ ।

१५७. बुढी कुलो, खोदाउ नाला, मैला नाला लागाएत विभिन्न कुला र नहर र झरणहरुमा थुप्रीन गएका बालुवा जन्य पदार्थ एवम फोहरहरु हटाउन तथा कटान रोकथाम गर्न आगामी बर्ष देखि बरघरहरु र कुलोपानि चौधरीहरु मिली जनपरिचालन गरि उक्त झरण तथा कुलो सरसफाई अभियान नै संचालन गरिनेछ त्यसका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

१५८. नेपाल सरकारले लागु गरेको भवन निर्माण आचारसंहितालाई पुर्णतया पालना गरिनेछ । साथै सोही बमोजिम नयाँ बन्ने भवनहरुको नक्सा पास प्रक्रियालाई अनिवार्य गरिनेछ ।

१५९. सार्वजनिक पूर्वाधार निर्माण गर्दा अपाङ्गमैत्री तथा वालमैत्री गराईनेछ ।

१६०. नगरको व्यवस्थित शहरीकरणका लागि भवन निर्माण मापदण्डलाई थप प्रभावकारी रुपमा लागु गर्न निर्माण व्यवसायी तथा डकर्मिहरुलाई चरणबद्धरुपमा तालिम दिइनेछ ।

१६१. भवन निर्माण गर्दा अनिवार्य रुपमा तालिम प्राप्त डकर्मीहरुबाट गराउने व्यवस्था मिलाईनेछ ।

१६२. पुरानो बस पार्क क्षेत्रमा नगर विकास कोष (TDF) सँग सहयोग र समन्वयमा आय मुलक व्यवसाय भवन, पार्क निर्माण गर्ने नीति लिईनेछ ।

१६३. आर्थिक अभावका कारण नगरबाट निर्माण हुन नसक्ने ठुला योजनाहरु प्रदेश सरकार र संघिय सरकार सँग निर्माण गर्न अनुरोध गरिनेछ ।

१६४. ठूला पुलहरु निर्माणका लागि डोलिदार पुल महाशाखा भौतिक पूर्वाधार मन्त्रालय सँग समन्वय गरि आवश्यक प्रकृया अगाडि वढाईने छ ।

१६५. राजापुर नगरपालिकामा सघर शहरी विकास पूर्वाधार संचालनका लागि सम्बन्धीत निकाय र संघिय सरकारसँग अनुरोध गरिनेछ ।

१६६. महामारीका कारण रोजगारी गुमाएका, वैदेशिक रोजगारीबाट फर्केका युवाहरुलाई युवा लक्षित कार्यक्रम संचालन सम्बन्धी थप रणनीति र कार्ययोजना तयार गरी क्षेत्रगत विशेष कार्यक्रम संचालन गरिनेछ ।

१६७. नगर क्षेत्रभित्रका बेरोजगारहरुको पहिचान गरि प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत रोजगारी सिर्जना गर्न थप क्षेत्रहरुको पहिचान गरि रोजगार कार्यक्रमलाई अगाडी बढाइनेछ ।

१६८. नगर भित्रका बेरोजगार युवा युवतीहरुलाई स्वरोजगार बनाउन स्थानिय श्रोत साधनको उपयोग हुने गरि परम्परागत पेशा र सिपलाई संरक्षण र प्रवद्धन गर्न आवश्यक तालिम र वजेटको व्यवस्था मिलाईनेछ ।

१६९. गैर सरकारी क्षेत्रलाई आर्थिक सामाजिक विकासको साझेदारीका रुपमा लिइनेछ र उनीहरुको क्षमता र अनुभवका आधारमा विकास प्रक्रियामा सहभागी र परिचालन गरि रोजगारीको अवसर सिर्जना गरिनेछ ।

१७०. संघिय र प्रदश सरकारको सहयोगमा प्रधानमन्त्री रोजगार र मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम निरन्तरता दिईनेछ ।

१७१. लघु उद्यम विकास कार्यक्रमलाई निरन्तरता दिई रोजगारीका अवसरहरु सृजना गरिनेछ ।

१७२. कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना स्थापना र संचालन सम्बन्धमा श्रमिकहरुलाई अभिमूखीकरण तथा अन्तरक्रियात्मक गोष्ठि संचालन्त गरिनेछ ।

१७३. विद्यामान महामारीबाट रोजगारी गुमाउनेहरुलाई लक्षित गरी स्थानीय तहमा रोजगारीका अवसर सिर्जना गर्ने गरि कार्यक्रम संचालन गरिनेछ ।

१७४. वित्तीय मितव्ययितालाई यस वर्ष अभियानको रुपमा संचालन गरिनेछ ।

१७५. आन्तरिक आयको बृद्धि तथा दिगो विकासका लागि कर प्रशासनलाई व्यवस्थित बनाइनेछ ।

१७६. करको दायरा फराकिलो बनाउदै करका दरहरुमा समान्य हेरफेर गरिनेछ । अगामी आ.व. २०७८/०७९ देखि व्यवस्थित रुपमा सम्पति कर र भुमि कर लागु गरिनेछ ।

१७७. व्यवसायिक कर संकलन PPP को अवधारणा अनुसार अगाडि बढाइनेछ ।

१७८. सम्पति कर भित्र नगरपालिकाका सबै करदाताहरुलाई समेटनका लागि नीति निर्माण तथा करदाता शिक्षा कार्यक्रम संचालन गरिनेछ ।

१७९. नगरपालिका भित्र उच्चतम तथा नियमित कर तिर्ने करदाताहरुलाई सम्मान गर्ने नीतिलाई अघि बढाइनेछ ।

१८०. नगरपालिका भित्र व्यवसाय गर्ने सबै प्रकृतिका व्यवसायीहरुलाई नगरपालिकामा अनिवार्य व्यवसाय दर्ता गर्नुपर्ने प्रणालीलाई कार्यान्वयनमा ल्याइनेछ ।

१८१. नगरपालिका भित्र रहेका नदी नाला तालतलैया को व्यवस्थापन तथा अन्य प्राकृतिक श्रोतको पहिचान गरी आयमुलक आयोजनाको रुपमा लगानि बढाउदै लगिने नीति अवलम्बन गरिनेछ ।

१८२. कर्मचारीको कार्यबोझ तथा जिम्मेवारीको आधारमा थप प्रोत्साहन गर्ने नीति लिइनेछ ।

१८३. राजश्व सम्भाव्यता अध्ययन प्रतिवेदन तथा नगरस्तरीय राजश्व परामर्श समितिको सिफारिसको आधारमा आयको प्रक्षेपण र कर शुल्कको दररेट निर्धारण गरी कर संकलनको प्रक्रियालाई प्रभाकारी बनाइनेछ ।

१८४. पुँजीगत लगानीलाई आयमूलक आयोजनाहरुमा लक्षित गरिनेछ र दिगो आय दिने खालका आयमूलक आयोजनाहरुलाई बहुवर्षिय आयोजनाको रुपमा संचालन गरिने नीति लिइनेछ ।

१८५. करको दायरा भित्र नपरेका र सार्वजनिक तथा सरकारी जग्गामा बसी व्यपार व्यावसाय गर्ने व्यावसायीहरु संग मापदण्ड तोकी बहाल बिटौरी कर लिने नीति लागु गरिनेछ ।

१८६. भुमि आयोगले लालपुर्जा वितरण प्रकृया अगाडी बढाएकोमा सबै बाहाल विटौरीमा व्यापार व्यावसाय गरि बस्ने नागरिकहरुका छुट भएको खण्डमा त्यस्ता व्यक्तिहरुलाई नगरपालिकाले छुट्टै भुमि व्यवस्थापन सम्बन्धी कानुन बनाई व्यवस्थित रुपमा लालपुर्जाहरु वितरण गरिनेछ ।

१८७. भूमि सम्बन्धी समस्याका सम्बन्धमा भूमिहिन दलित, भूमिहिन सुकुम्बासी, अव्यवस्थीत बसोबासी, बहाल विटौरी, पुराना आयोगका अधुरा कार्यहरुका सर्न्दभमा जग्गा धनी प्रमाण पुर्जा वितरण गर्न नगरपालिकाले भूमि सम्बन्धी समस्या समाधान आयोग सँग आवश्यक समन्वय गरि भूमि सम्बन्धी सम्पूर्ण समस्या समाधानका लागि आवश्यक कार्य अगाडि बढाईनेछ । सो सन्दर्भमा आवश्यक परेको खण्डमा ऐन तथा कार्यविधि बनाई व्यवस्थीत गरिनेछ ।

१८८. पार्किङ शूल्क र सवारी साधनहरुबाट सवारी साधन कर लिने नीति निरन्तरता दिईनेछ ।

१८९. सेवा प्रवाहलाई सहज, सरल र प्रविधिमैत्री बनाउन विद्युतीय सेवा प्रवाहमा जोड दिइने छ, जस अन्तर्गत सफ्टवेयरको प्रयोग, सी.सी. क्यामरा जडान, ई-हाजिरी, मोवाइल एपको प्रयोग, Group एस.एम.एस. सेवा आदि व्यवस्थापन गरिनेछ ।

१९०. सार्वजनिक जवाफदेहिता, पारदर्शिता र जनउत्तरदायित्व प्रवर्द्धन गर्नका लागि सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, हेल्प डेस्क, नागरिक भेला, सामाजिक परीक्षण जस्ता सुशासन संयन्त्रको प्रयोग गरिने छ ।

१९१. गुनासो व्यवस्थापन, सूचनाको हक कार्यान्वयनका लागि आवश्यक व्यवस्था मिलाईनेछ । नगरको तथ्याङ्क र अभिलेखलाई व्यवस्थित गरी व्यवस्थित रुपमा सेवा प्रवाह गर्न नगरको समग्र वस्तुस्थिति समेट्ने गरी नगर पार्श्वचित्रलाई अद्यावधिक (Update) गरिनेछ ।

१९२. नगरको समग्र तथ्याङ्क अध्यावधिक गरी तथ्याङ्कको आधारमा आयोजना तर्जुमा र नतिजाको आधारमा अनुगमन तथा मूल्याङ्कन गरी नगरको गतिविधि प्रभावकारी बनाइनेछ ।

१९३. सबै नगरवासीहरुलाई छिटो, छरितो, पहुँचयोग्य र प्रभावकारी न्याय प्रणालीको विकासका लागि न्यायीक समितिको क्षमता विकास कार्यक्रम संचालन तथा मेलमिलाप सेवाकेन्द्रको विस्तार गर्ने नीति अवलम्बन गरिनेछ ।

१९४. नगरको मासिक आम्दानी र खर्च सार्वजनिक गर्नेनीति अबलम्बन गरिनेछ ।

१९५. नगरपालिकाको सेवा प्रवाहलाई प्रभावकारी बनाउन सुशासन व्यवस्थापन प्रणालीलाई/समितिलाई अझ बढि प्रभावकारी बनाइने छ ।

१९६. सेवा प्रवाह सम्बन्धि गुनासो व्यवस्थापन गर्दै जनधारणा (Public opinion) लिने परिपाटिलाई अझ बढी व्यवस्थित गरिनेछ ।

१९७. प्रत्येक योजनामा सार्वजनिक सुचनापार्टीको व्यवस्था गरिने र आयोजना संचालनमा अनुगमन समितिको क्रियासिलता बढाइने छ ।

१९८. नगरवासीलाई आधारभूत सेवा सुविधा सहजतापूर्वक प्रदान गर्न सेवा प्रवाहलाई प्रभावकारी बनाउन नतिजामा आधारित कार्य सम्पादन प्रणाली तथा संस्थागत क्षमता अभिवृद्धि गरिने छ । कर्मचारीहरुको क्षमता वृद्धि गर्न, मनोवल उच्च राख्न र कार्य सम्पादनलाई व्यवस्थित गर्नका लागि तालिम, प्रशिक्षण, कार्य सुरक्षा, प्रोत्साहन भत्ता तथा कार्यसम्पादनमा आधारित पुरस्कारको व्यवस्था गरिनेछ ।

१९९. स्थानिय तह संचालनका लागि आवश्यक पर्ने थप नीति, आवधिक योजना तथा गुरुयोजना र कानूनको तर्जुमा गरी नगरपालिकाको कार्यलाई थप व्यवस्थित बनाइनेछ ।

२००. नगरपालिकाबाट नागरिकहरुलाई प्रदान गरिने सेवा सुविधाहरुमा छिटो, छरितो, सहभागितामूलक, पारदर्शि, जवाफदेही, प्रभावकारी वनाउन सेवाग्राहीको पहुँचलाई सरल एवम् सहज बनाउन, सुचना प्रवाह, सुचना प्रविधिको प्रयोग, सेवाग्राहीमैत्री संरचना, कामप्रति प्रतिवद्ध कर्मचारी विकासमा जोड दिइनेछ । नगरपालिका तथा वडा कार्यालयहरुमामा Digital Information System को व्यवस्था गरिनेछ ।

२०१. सेवा प्रवाह र प्रशासनिक कार्यलाई सहज वनाउन यस नगरकार्यपालिकाको भवनलाई अझै व्यवस्थित बनाईनेछ । वडा कार्यालय तथा स्वास्थ्य केन्द्रका भवनहरु व्यवस्थित गर्दै लगिनेछ ।

२०२. जनताको गुनासो व्यवस्थापनका लागि नगरकार्यपालिकामा नगर प्रमुखको संयोजकत्वमा र वडा कार्यालयमा वडा अध्यक्षको संयोजकत्वमा गुनासो व्यवस्थापन समिति गठन गरी गुनासोको सुनुवाईका लागि सहकार्य गरिनेछ । नगरवासीहरुको राय सुझाव संकलन गर्न, गुनासो व्यवस्थापन र जवाफदेहिता वहन गर्नका लागि हरेक वडा र नगर कार्यपालिकामा गुनासो पेटीकाको व्यवस्था गरिनुका साथै हरेक महिनाको एक दिनलाई **जनतासँग मेयर कार्यक्रम** संचालन गरिनेछ ।साथै जनताका हरेक गुनासो सुनुवाई गर्न जनताका सुख दुखमा साथ दिन **जनताका जनप्रतिनिधि जनताकाकै घरदैलोमा** कार्यक्रम संचालन गरिनेछ ।

२०३. राजापुर नगरपालिकाबाट गरिने विविध कार्यक्रमहरुको खर्चलाई मितव्ययी तथा एकरुपता कायम गर्न खर्च मापदण्ड बनाई लागु गरिनेछ । ५ बर्षे खरिद गुरुयोजना तयार गरिनेछ र सोही आधारमा बार्षिक खरिद योजना बनाई लागु गरिनेछ । सुशासनमा जोड दिनुका साथै भ्रष्टाचारमा शून्य सहशिलताको नीति लिइनेछ ।

२०४. जनप्रतिनिधीहरुलाई समयानुकूल प्रविधिमैत्री बनाउन र क्षमता विकास गर्नका लागि कार्यक्रम संचालन गरिनेछ ।

२०५. सहज पहुँचयुक्त न्याय प्रणालीको प्रवर्द्धनका लागि न्याय सम्पादनलाई छिटोछरितो, सरल, सुदृढ, व्यवस्थित, प्रभावकारी र समय सापेक्ष बनाईने छ । न्यायिक समितिबाट सम्पादन गरिने न्याय प्रणालीलाई थप व्यवस्थित गर्दै लगिने छ ।

२०६. राजश्वको दायरा लचिलो र फाराकिलो पार्दै करमैत्री वातावरण निर्माण गरिनेछ । व्यवसायको प्रकार, प्रकृति र श्रेणी अनुसारको कर असुली गर्न, नगरभित्रका सम्पूर्ण व्यवसायहरुलाई करको दायरामा ल्याई करदाताहरुलाई कर तिर्न प्रोत्साहन गरिनेछ ।

२०७. राजश्व परिचालनलाई प्रभावकारी बनाउन र करको दायरालाई फराकिलो पार्न सम्पत्ति करलाई प्रमुख आधारको रुपमा लिदै अन्य करहरुलाई समेत वस्तुगत विश्लेषणका आधारमा समेट्दै र परिमार्जन गर्दै लैजाने र कर प्रशासनलाई सूचना प्रविधिमा आधारित बनाई कर नीति लाई करदाता मैत्री बनाउदै लैजाने नीति अवलम्बन गरिनेछ ।

२०८. आगामि आ.व. मा यस नगरपालिकाको संगठन विकास योजना तयार गरी साविक संगठन विकास योजनाको पुन मूल्याङ्कन गरी सो वमोजिमका शाखा तथा जनशक्तिको व्यवस्थापन गरिनेछ ।

२०९. कार्यालयमा तत्काल आवश्यक पर्ने थप जनशक्तिको व्यवस्थापन सार्वजनिक खरिद ऐन तथा करार सेवा निर्देशिकाको आधारमा गरिनेछ ।

२१०. पटक-पटक सेवा खरिद गर्दा हुने कार्यबोझ र असहजतालाई विचारगरी पुराना सेवा करारमा लिई निरन्तरता पाएकाहरुलाई उनिहरुको योग्यता र आचारणको आधारमा कार्यालयको आवश्यकता र साधन स्रोत तथा क्षमतालाई हेरी निरन्तरता दिने नीति लिइनेछ ।

२११. प्रदेश प्रशिक्षण प्रतिष्ठानसँग समन्वय गरि उपलब्ध जनशक्तिको क्षमता विकास गर्दै उत्कृष्ट कर्मचारीहरुलाई कार्यसम्पादनका आधारमा पुरुस्कृत गर्ने परिपाटिको व्यवस्था गरिनेछ ।

२१२. न्यूनतम शर्त तथा कार्य सम्पादन मूल्याङ्कनलाई समेत कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनको आधार बनाइनेछ ।

२१३. ऐन, नियमको परिधिभित्र रहि कार्य सम्पादन मूल्यांकनकोआधारमा कार्यरत कर्मचारीको बढुवा, स्तरबृद्धि, प्रोत्साहन प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२१४. मौजदा जनशक्तिलाई समयानुकुल सक्षम बनाउन आन्तरिक एवं बाह्य सहयोगका आधारमा तालिम दिनेनीतिलाई प्रामिकता दिइनेछ ।

२१५. यस नगरपालिका भित्र रहेका अति विपन्न, अल्पसंख्यक तथा द्वन्द्वपिडित घर परिवारहरुमा उनीहरुको आयस्तर बढाउन विभिन्न किसिमका क्रियाकलापहरु संचालन गर्न आवश्यक रहेकाले सामाजिक परिचालनको माध्यम बाट समानुपातिक तवरले सबै वडाहरुमा विभिन्न क्रियाकलापहरु संचालन गरी समूहलाई संगठित बनाई आयआर्जनमा बृद्धि गर्न र थप रोजगारीको सिर्जना गर्न आवश्यक क्रियाकलापहरु अघि बढाउने नीति लिईनेछ ।

२१६. भुगोल, श्रोत, साधनको उपलब्धता तथा आवश्यकता समेत मध्यनजर गरी कृषि, पशुपालन तथा मत्स्य व्यवसायका पकेट क्षेत्रहरु नीर्धारण गरिनेछ ।

२१७. पशुपालनको पकेट क्षेत्रमा बाखापाठा, बगुंर तथा उच्च नश्लका बोका र राँगा उपलब्ध गराईनेछ ।

२१८. दुग्ध व्यवसायहरुलाई हितमा राखी दुध संकलन केन्द्र सम्म पुर्याउन समूहमा दुधका क्यानहरु वितरण गरिनेछ । विशेष गरेर पाँच (५) भन्दा बढी गाई वा भैंसी पाल्ने र दुध उत्पादन गर्ने कृषकहरुलाई निशुल्क क्यान उपलब्ध गराईनेछ ।

२१९. सबै वडाका दलित समुदायहरुमा गठन भई संचालनमा रहेका बाखापालन समूहहरु र तिनीहरु द्वारा संचालित सहकारीहरुलाई विशेष प्राथमिकतामा राखी विभिन्न किसिमका तालिम तथा व्यवस्थापनका क्रियाकलापहरु संचालन

गरिनेछ भने समूहमा आवद्ध रहेका सबै कृषकहरुले पालेका पशुहरुको निशुल्क औषधी उपचारको व्यवस्था गरिनेछ ।

२२०. तरकारी पकेट क्षेत्रहरुको निर्धारण गरी तरकारी र फलफुल खेती तर्फ किसानहरुलाई आकर्षित गर्दै सिचाइँ नपुगेका स्थानहरुमा साना सिचाइँ तथा थोपा सिचाइँको व्यवस्था गरिनेछ ।

२२१. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई जनताको वास्तविक रोजागर सिर्जना गर्ने माध्यम बनाईनेछ ।

२२२. प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रम अन्तरगत विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।

२२३. गरिबी निवारण गर्न गरिबीको तथ्याङ्क लिने, परिचयपत्र वितरण गर्ने तथा रोजगार सिर्जना गर्ने जस्ता कार्यक्रमहरु यसै वर्ष देखि प्रारम्भ गरिनेछ ।

२२४. पशुपालन र कृषिलाई पकेट क्षेत्र तोकी बेरोजगार युवाहरुलाई रोजगार दिन व्यवसायीक पशुपालन तथा व्यवसायीक कृषिमा विशेष जोड दिइनेछ ।

२२५. कोभिडका कारण रोजगारी गुमाएका, विदेशबाट फर्केका नागरिकहरुको आयआर्जन वृद्धि गर्न कोभिड विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

२२६. प्रचलित ऐन नियममा व्यवस्था भए बमोजिम राजश्व बाँडफाँडको लागि सम्बन्धित निकाय संग समन्वय गरी अघि बढ्ने नीति लिइनेछ ।

२२७. यस नगरपालिका क्षेत्रभित्र रहेका ऐलानी तथा सार्वजनिक जग्गाको संरक्षण र उपभोग गर्ने नीतिलाई निरन्तरता दिदै खुलेका नयाँ तथा पुराना सडकहरुको व्यवस्थित अभिलेख तयारी गरी नक्साकंन गरिनेछ ।

२२८. धार्मिक, ऐतिहासिक, साँस्कृतिक महत्वका धरोहरहरुको मर्मत, संरक्षण र विकासमा जोड दिने नीतिलाई निरन्तरता दिइनेछ ।

२२९. नगरपालिका क्षेत्रभित्र रहेका सम्पूर्ण सरोकारवालाहरु सँगको समन्वयमा नगरपालिकाका कार्यकक्रम संचालन गर्ने नीति अवलम्बन गरिनेछ ।

२३०. यस नगरपालिका भित्र वन्यजन्तुबाट हुने क्षति न्यूनिकरण तथा नागरिकको जिउज्यान तथा सम्पत्तीको सूरक्षाको लागि **'गाउँ सहर उज्यालो'** कार्यक्रम सञ्चालन गर्नुका साथै राजापुर बजारमा सि. सि. क्यामेरा जडान गरिनेछ ।

२३१. रौष्ट्रिय तथा अन्तराष्ट्रिय विभिन्न नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकासँग भगिनी सम्बन्ध स्थापनाका लागि पहल गरिनेछ ।

२३२. दातृ निकायहरुलाई राजापुर नगरपालिकाको विकास निर्माणमा सहभागिताको लागि अनुरोध गर्दै स्वस्थ लगानीमैत्री वातावरण सृजना गरिनेछ ।

२३३. राजापुर नगरपालिकाभित्र संचालित आयोजनाहरुलाई निरन्तरता दिन साझेदार संस्थाहरुसँग अनुरोध गरी आयोजनाहरु नियमितरुपमा संचालनमा ल्याइनेछ ।

२३४. नगरपालिका भित्र रहेका नगरपालिका स्तरीय विभिन्न समिति तथा अन्य संगठित संस्थाहरुलाई क्रियाशील बनाइनेछ ।

२३५. भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीका सन्दर्भमा आवश्यक कार्यक्रम संचालन गरिनेछ । त्यसका लागि आवश्यक बजेटको समेत व्यवस्थापन गरिनेछ ।

२३६. उचित स्थानको जग्गा व्यवस्थित गर्दै बसपार्क निर्माण र हाट बजार व्यवस्थापन गर्न आवश्यक प्रक्रिया अगाडि बढाइ अतिक्रमणमा रहेका सार्वजनिक जग्गालाई संरक्षण समेत गरिनेछ ।

२३७. यस क्षेत्र भित्र काम गर्न चाहने विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरुलाई काममा दोहोरोपन नआउने गरी स्वीकृत दिइनेछ ।

२३८. जेष्ठ नागरिकलाई मध्यनजर गरी व्यवस्थित दिवा सेवा संचालन गरिनेछ ।

२३९. गै.स.स. हरुलाई जनहितमा कार्यक्रमहरु संचालन गर्न अनुमति दिई सहकार्य समेत गरिनेछ ।

२४०. सभा सकिएपछि पनि अनुमति लिन आउने सामाजिक संस्थाहरुलाई नगर प्रमुखबाट औचित्य हेरी अनुमति दिन सक्ने गरी व्यवस्था मिलाइनेछ ।

२४१. बाढि पहिरोको जोखिममा रहेका बस्तीहरु स्थानान्तरण गर्ने नीति लिइनेछ ।

२४२. नगरपालिकाको कामलाई व्यावस्थित गर्न आवश्यक परामर्श सेवा खरिद गर्ने नीति लिइनेछ ।

२४३. छिटो प्रतिफल दिने खालका आयोजना तथा आर्थिक विकासको क्षेत्रमा सहयोग गर्ने खालका आयोजनाको विकासमा बढवा दिइनेछ ।

**सभाध्यक्ष महोदय,**

अन्त्यमा प्रस्तुत नीति तथा कार्यक्रमका सम्बन्धमा सभाका सदस्य ज्यूहरुबाट गहन मार्गदर्शन एवम् रचनात्मक सुझावहरु प्राप्त हुने नै छन् र उक्त गहन मार्गदर्शन एवम् रचनात्मक सुझावहरुलाई मनन गरी समग्र नगरपालिकाको विकासलाई याथोचित ढंगले सम्बोधन हुने गरी बस्तुनिष्ठ नीति तथा कार्यक्रम पारित गर्नमा सहयोग प्राप्त हुने विश्वास लिइएको छु । नगरपालिकाको समग्र विकास अभियानमा सदैव संबेदनशिल भै सहयोग गर्नुहुने सबै राजनीतिक दल, सरकारी कार्यालयहरु, विकास साझेदा गैरसरकारी संघ संस्थाहरु, नागरिक समाज, बुद्धिजिवि, पत्रकार लगाएतका विभिन्न सामाजिक संघ संस्थाहरु र आदरणिय नगरबासीहरुमा हार्दिक आभार व्यक्त गर्दछु । यस नीति तथा कार्यक्रमको पारित गरि कार्यान्वयनका लागि यहाँहरुबाट सदा झै निरन्तर सहयोग प्राप्त हुनेछ भन्ने अपेक्षा राख्दछु । प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गर्ने कार्यमा अहोरात्र खटिइ जिम्मेवारी पुरा गर्नुहुने सबै जनिप्रतिनिधी कर्मचारी साथीहरुमा समेत आभार एवम् धन्यवाद व्यक्त गर्दछु ।

**धन्यवाद !**